देउवा...

डा. कोइरालाले आगामी १५औं महाधिवेशन वा विशेष महाधिवेशनसँग सम्बन्धित सबै सांगठनिक तथा प्राविधिक कार्यतालिका तत्काल स्थगित गर्न माग गर्नुभएको छ। त्यसैगरी अदालतको अन्तिम फैसला नआएसम्म पार्टीको तर्फबाट दीर्घकालीन प्रभाव पार्ने राजनीतिक, सांगठनिक, आर्थिक तथा नीतिगत निर्णय नगर्न पनि उहाँले आग्रह गर्नुभएको छ।

उहाँको तेस्रो आग्रह भने विधिको शासन र अदालतको सम्मानसँग सम्बन्धित छ। अदालतको अन्तिम निर्णय नआएसम्म पार्टीका सांगठनिक संरचनालाई साविककै अवस्थामा राख्दै न्यायिक प्रक्रियालाई सम्मान गर्नुपर्ने उहाँको भनाइ छ। अदालतमा विचाराधीन विषयलाई प्रभावित पार्ने गतिविधि अघि बढाइए त्यसबाट अदालतको अवहेलना वा अन्य कानुनी जटिलता सिर्जना हुन सक्ने चेतावनीसमेत कोइरालाले दिनुभएको छ।

तर पत्रको भाषाले कांग्रेसभित्रको राजनीतिक दूरी झनै स्पष्ट पारेको छ। शशांकले थापालाई 'सभापति' नभनी 'तत्कालीन महामन्त्री' भनेर सम्बोधन गर्नुभएको छ। यसले विवाद अहिले केवल महाधिवेशनको कार्यतालिकामा सीमित नभई पार्टीको वैधानिक नेतृत्वकै प्रश्नसम्म पुगेको सङ्केत गरेको छ।

विवादबीच...

यसकारण अहिलेको कांग्रेस विवादलाई केवल 'गगनविरुद्ध देउवा' वा 'संस्थापनविरुद्ध इतर'को पुरानो गुटगत समीकरणबाट मात्र बुझ्न कठिन हुँदै गएको छ। सर्वोच्च अदालतले पुनरावलोकनको अनुमति दिनुको अर्थ यसअघिको फैसला तत्काल उल्टिएको होइन। अदालतले यसअघि भएको फैसलालाई पुनः परीक्षण गर्ने बाटो मात्र खोलेको हो। अब विशेष महाधिवेशनको वैधानिकता, निर्वाचन आयोगको निर्णय र त्यससँग सम्बन्धित कानुनी प्रश्नमा फेरि सुनुवाइ हुनेछ। तर अदालतको यही निर्णयले कांग्रेसभित्र राजनीतिक अनिश्चितता भने बढाएको छ।

यसअघि सर्वोच्चले विशेष महाधिवेशनबाट निर्वाचित थापा नेतृत्वलाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णय सदर गरेको थियो। देउवा पक्षले विशेष महाधिवेशन विधानविपरीत भएको दाबी गर्दै अदालतको ढोका ढकढक्याएको थियो। अहिले पुनरवलोकनको अनुमति पाएपछि त्यही विवाद फेरि प्रारम्भिक अवस्थातर्फ फर्किएको छ। यही कारण डा. शशांक कोइराला तत्कालका लागि सबै गतिविधि रोक्नुपर्ने पक्षमा उभिनुभएको छ भने गगन पक्ष अदालतको अन्तिम फैसला आउनुअघि नै पार्टीको राजनीतिक तथा सांगठनिक जीवन रोक्न नहुने तर्कमा देखिन्छ।

कांग्रेसभित्र अहिले देखिएको विवादको सबैभन्दा गम्भीर पक्ष भने नेतृत्व कसको हुने भन्ने प्रश्न मात्र होइन। कांग्रेस अब कस्तो पार्टी बन्ने भन्ने प्रश्न हो। देउवा नेतृत्वको लामो राजनीतिक युगपछि थापाको उदयलाई कांग्रेसमा पुस्तान्तरणको संकेतका रूपमा हेरिएको थियो। तर पुस्तान्तरणसँगै संस्थागत निरन्तरता, अनुभवी नेतृत्वको सम्मान र नयाँ पुस्ताको राजनीतिक आकांक्षाबीच सन्तुलन कायम गर्न नसक्दा पार्टीभित्र नयाँ तनाव सिर्जना भएको छ।

पुरानो पुस्ताले नयाँ नेतृत्वलाई स्वीकार नगर्ने र नयाँ पुस्ताले पुरानो पुस्तालाई सम्मानजनक स्थान दिन नसक्ने अवस्था बने कांग्रेसको आन्तरिक लोकतन्त्र नै कमजोर हुन सक्छ। अझ अदालतको फैसलालाई आधार बनाएर एक पक्षले अर्को पक्षलाई वैधानिक वा अवैधानिक ठहर गर्ने राजनीतिक अभ्यास बढ्दै गयो भने कांग्रेसको संगठनभन्दा कानुनी विवाद ठूलो बन्ने खतरा रहेको कांग्रेस नेता चन्द्र भण्डारीले बताउनुभयो।

नेपालको लोकतान्त्रिक इतिहासमा कांग्रेसको भूमिका केवल एउटा राजनीतिक दलको इतिहास मात्र होइन। त्यसैले कांग्रेसभित्रको विभाजनले कांग्रेसलाई मात्र कमजोर बनाउँदैन, नेपालको लोकतान्त्रिक राजनीतिक प्रणालीमा समेत असर पार्ने भण्डारी बताउनुहुन्छ। अहिले कांग्रेसका दुवै पक्षले शक्ति प्रदर्शनभन्दा संवादलाई प्राथमिकता दिनुपर्ने समय भएको पनि भण्डारीको तर्क छ। गगनले नयाँ पुस्ताको ऊर्जा र परिवर्तनको आकांक्षा प्रतिनिधित्व गर्न सक्छन्। देउवासँग लामो राजनीतिक अनुभव र संगठन सञ्चालनको क्षमता छ। शेखर-शशांकसँग कांग्रेसको ऐतिहासिक विरासत र संगठनभित्रको प्रभाव छ। यी सबैलाई प्रतिस्पर्धाको हतियार होइन, कांग्रेस पुनर्निर्माणको आधार बनाउन सकिए विवाद अवसरमा बदलिन सक्ने कांग्रेसका नेता कार्यकर्ताले बताउँदै आएका छन्।

चार...

तर संस्थागत नेतृत्व अपूर्ण रहँदा ती उद्देश्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुनौती थपिएको देखिन्छ। न्याम्स ऐनअनुसार रजिष्ट्रार, डीन र रेक्टर उपकुलपतिको सिफारिसमा प्रो-चान्सलर अर्थात् स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीबाट नियुक्त हुने व्यवस्था छ। अस्पताल निर्देशकको नियुक्तिसमेत नियमावलीअनुसार हुने व्यवस्था भए पनि ती पद हाल रिक्त छन्। बोर्ड अपूर्ण हुँदा सिनेट र कार्यकारी परिषद्सम्बन्धी नीति तथा आर्थिक निर्णयसमेत प्रभावित भएका छन्।

स्वास्थ्य क्षेत्रका जानकारहरूका अनुसार देशकै ठूलो सरकारी अस्पताललाई महिनौंसम्म पूर्ण नेतृत्वविहीन अवस्थामा राख्नु सामान्य प्रशासनिक कमजोरी मात्र होइन, लाखौं नागरिकको स्वास्थ्य अधिकारसँग प्रत्यक्ष जोडिएको विषय हो। सरकारले समयमै योग्य र सक्षम पदाधिकारी नियुक्त गरी न्याम्सको सिनेट, कार्यकारी परिषद् र अस्पताल व्यवस्थापनलाई पूर्णता नदिए सेवा प्रवाह, चिकित्सा शिक्षा, अनुसन्धान, उपकरण व्यवस्थापन तथा अस्पताल सञ्चालनका समस्या अझ गम्भीर बन्न सक्ने चेतावनी उनीहरूले दिएका छन्।

यसैबीच अस्पतालभित्रबाट गर्न सकिने सुधारका लागि सबै शाखाको गुनासो सङ्कलन गर्न चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल गुनासो तथा उजुरी व्यवस्थापन तथा फछ्र्योट समिति गठन गरिएको छ। डा. प्रकाश बुढाथोकी प्रमुख अधिकारी रहेको ११ सदस्यीय समितिको काम अन्तिम चरणमा पुगेको समितिका अधिकारीले जनाएका छन्।

तीन...

उहाँ २०७९ माघमा प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्री बन्नुभएको थियो। उहाँ कञ्चनपुरको कृष्णपुर नगरपालिका-२ का स्थानीय हुनुहुन्छ। प्रकाश र भानु पूर्वप्रधानमन्त्री शेरबहादुरका भतिजा हुन्।

पूर्वभौतिक पूर्वाधार विकासमन्त्री रहेका प्रकाश हाल अमेरिकामा हुनुहुन्छ। उहाँलाई सम्पत्ति विवरणसम्बन्धी फारम भराउने तथा बयान लिने प्रयास भइरहेको अख्तियारले जनाएको छ। प्रकाश र भानु देउवा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाका भतिजा हुन्। तीनै जनामाथि अख्तियारले भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको अख्तियारका एक जना उच्च अधिकृतले बताए।

परराष्ट्रमन्त्री हुँदा विद्युतीय राहदानी छपाइको ठेक्कामा अनियमितता गरेको अभियोगमा अख्तियारले यसअघि आरजुमाथि पनि अनुसन्धान गरेको थियो। तर, असार ८ मा विशेष अदालतमा मुद्दा दायर गर्दा आरजुलाई प्रतिवादी कायम गरिएको थिएन। अहिले विदेशमा रहेकी आरजु राणाको बयान नभएको र भन्दै अख्तियारले उहाँबारे थप अनुसन्धान गर्ने निर्णय गरेको थियो। आरजु राणा देउवा परराष्ट्रमन्त्री हुँदा विद्युतीय राहदानी छपाइको ठेक्का स्वीकृत भएको थियो। जर्मन कम्पनी भेरिडोस र मुल्हबाउरले मिलेमतोमा दुईवटा प्याकेजको ठेक्का लिएको अख्तियारको अनुसन्धान निष्कर्ष छ। सुरुमा सहयोगीका रूपमा काम गरेका प्रकाश आरजु मन्त्री हुँदा भने सचिवालयमा हुनुहुन्थेन। उनीहरूको आय र व्ययको विस्तृत अनुसन्धानपछि अख्तियारले गैरकानुनी सम्पत्ति आर्जन पुष्टि भए भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार मुद्दा अघि बढाउने छ।

त्रिविको...

त्रिविले ०५९ पुस २४ गते ०८३ वैशाख मसान्तसम्मका लागि सम्झौता गरेको थियो। सम्झौतामा चार किल्ला छुट्याएको तर क्षेत्रफल उल्लेख नगरी सम्झौता भएको थियो। त्रिविले क्यानसँग मासिक ५० हजार रुपैयाँमा भनेजति जग्गा लिजमा लिएको थियो। सम्झौता नवीकरणका लागि युवा तथा खेलकुद मन्त्रालयले २०८१ सालमा नै प्रक्रिया अघि बढाएको थियो। त्रिवि क्रिकेट मैदान भाडाका लागि नेपाल क्रिकेट संघ (क्यान)ले विश्वविद्यालयसँग सिधै सम्झौता गर्न नमिल्ने भएकाले सरकारले सम्झौता गरेर क्यानलाई दिँदै आएको छ।

मैदानका लागि आवश्यक भौतिक संरचना सबै क्यानले नै बनाउनुपर्ने सम्झौतामा उल्लेख छ। सोही सम्झौताअनुसार क्यान, युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्ले संयुक्त रूपमा त्रिवि क्रिकेट मैदानलाई नयाँ स्वरूपमा ल्याएका थिए।

मैदानमा पहिलो चरणको काम सम्पन्न हुँदा १० हजार क्षमताको प्याराफिट र ६ वटा फ्लडलाइट जडान भइसकेको छ। ०८२ असोज १० मा सहरी विकास मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले कीर्तिपुर क्रिकेट रंगशालाको गुरुयोजना स्वीकृत गर्दै दोस्रो चरणका लागि करिब १० अर्ब रुपैयाँको बजेटसमेत सुनिश्चित गरिसकेको छ। २०८१ फागुन १९ मा बीकेओआई-केसीडीसी-बीजी जेभीले २०८१ फागुन २० गतेबाट प्याराफिट निर्माण सुरु गरेको थियो। २ महिनाभित्र काम सक्ने गरी ४३ करोड ७७ लाख ३० हजार रुपैयाँमा निर्माणको जिम्मा पाएको थियो। सो ठेकेदार कम्पनीले तोकेकै समयमा १० हजार क्षमता भएको प्याराफिट निर्माण गरेको थियो।

फ्लडलाइड जडान गर्न २७ करोड ४० लाख रुपैयाँमा विशाण-ईश्वरी ज्वाइन्ट भेन्चरले ठेक्का पाएको थियो। ६ वटा फ्लडलाइटमा ७० वटाका दरले ४२० वटा लाइट जडान भइसकेको छ। लाइट जडान भएपछि विभिन्न खेलहरू सम्पन्न भइसकेका छन्।

सार्वजनिक...

मूल निवेदनको सुनुवाइका क्रममा संवैधानिक इजलासले संसद्लाई पत्राचार गरी अध्यादेशको अवस्था प्रष्ट पार्न आदेश दिएकामा संसद् सचिवालयले सर्वोच्च अदालतलाई अध्यादेश कानुनको रूपमा परिणत भएको जवाफ दिएपश्चात अधिवक्ताद्वय लुइँटेल र पुडासैनीले पूरक निवेदन दायर गर्नुभएको हो। विज्ञापनमा लगाएको एकद्वार नीति नेपाल मिडिया सोसाइटीका अख्तियारप्राप्त अधिवक्ता लुइँटेलकै निवेदनका आधारमा सर्वोच्च अदालतबाट गत असार ३० मा खारेज भइसक्दासमेत सरकारले सार्वजनिक खरिद ऐनमा भएको संशोधनका आधारमा दैनिक पत्रिकामा विज्ञापन रोक लगाई आर्थिक नाकाबन्दी लगाउँदै आएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले विज्ञापनमा असार ३० को फैसलामार्फत विभेदको अन्त्य गरिदिएपछि पनि सरकारले सार्वजनिक खरिद ऐनमा भएको संशोधनलाई सिरानी हालेर मिडियामाथिको नाकाबन्दी कायमै राखेको छ। सो अध्यादेशको संशोधनअघि नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको गत चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरू संचार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सोअन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो।

नेपाल सरकार
उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/११/२१ मा दर्ता भएको प्रा.लि.नं. २३५८७८ को **मञ्जरी भिजन ग्रुप सेल्स एण्ड सर्भिसेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

लिक्विडेटर कार्यालयको हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०४/१४ मा प्रा .लि. दर्ता नं. ५४८४८, दर्ता भएको **स्मार्ट आई.टी. सोलुसन प्रा. लि.** को मिति २०८३/०४/२७ मा विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्रमा निम्नलिखित लिक्विडेटरको कार्यालयमा लिखित रूपमा हकदावी पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

लिक्विडेटरः रजिस्टर अडिटर श्री कृष्णचन्द्र भट्टराई रजिष्ट्रेशन नंः ५५९,
टोखा–११, काठमाडौं सम्पर्क नं. ९८४१२५६८४६

एकेडेमी अफ हस्पिटालिटी एण्ड कुलिनरी म्यानेजमेन्ट प्रा.लि. को खारेजी (लिक्विडेशन) को लागि हकदावी गर्न आउने सम्बन्धी सूचना

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६२/०३/०७ मा दर्ता भएको दर्ता नं. ३४९१५ को **एकेडेमी अफ हस्पिटालिटी एण्ड कुलिनरी म्यानेजमेन्ट प्रा.लि.** को मिति २०८३/०४/२२ गतेको वार्षिक साधारण सभाले गरेको निर्णय अनुसार यस कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजानुपर्ने भएकोले यस कम्पनीले कोही कसैलाई तिर्नु व्यहोर्नु पर्ने ऋण, धन दायित्व एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदी भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

लिक्विडेटर : पूर्ण प्रसाद पराजुली, दामासाही व्यवसायी इजाजत पत्र नं.-३८३
का.जि.का.म.न.पा. वडा नं.-२९, अनामनगर, मोबाइल नं. ९८५१०२६३३२

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, सुर्यविनायक शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०४/२७ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल चैत्र महिना ०६ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८३ साल वैशाख महिना १७ गतेको 'नेपाल समाचारपत्र' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने** तथा **मिति २०८३ साल जेष्ठ महिना २० गतेको 'नेपाल समाचारपत्र' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीको नाम, थर र ठेगाना :
तिर्थ बहादुर बस्नेतको नाती, केशब बहादुर बस्नेतको छोरा, भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ०५ बस्ने **मनोज कुमार बस्नेत** ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ३ बस्ने **बिपना बस्नेत** ।
केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ०५ बस्ने **महिमा बस्नेत** ।
यज्ञ बहादुर खड्काको छोरी, मनोज कुमार बस्नेतको श्रीमती, भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स. वडा नं. ०५ बस्ने **तुलसा बस्नेत** ।
केशब बहादुर बस्नेतको नातीनी, मनोज कुमार बस्नेतको छोरी, भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं. ०५ बस्ने **अनिसा बस्नेत** ।
कमल बहादुर कार्कीको नाती, विनोद कार्कीको छोरा, भक्तपुर जिल्ला, नंखेल गा.वि.स. वडा नं. ०६ बस्ने **विक्रम कार्की** ।
धितो सुरक्षणको विवरण :
मनोज कुमार बस्नेतको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स./न.पा. वडा नं. ५ को नक्सा सिट नं. ५(क)को कित्ता नं. १७५५ को ०-८-०-० (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा यस बैंकको कुनै पनि शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा सुर्यविनायक शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८३ साल भाद्र महिना ०२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :
मिति : २०८३ साल भाद्र महिना ०४ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कमलादी, काठमाण्डौंका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मितिः २०८३/०४/२७ गते बुधबारको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक)

यस बैंक (साविकको सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८३/०१/३१ गते बिहिबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उक्त सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम बिक्री हुन नसकेकोले मिति २०८३/०३/२४ गते बुधबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले मिति २०८३/०४/०८ गते शुक्रबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष रहेको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमक्ता खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८३/०५/०३ गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ**मा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित चल/अचल जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क.ऋणी तथा जमानकर्ताको विवरण :

१. ऋणी : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०३/१७ मा दर्ता नं. २१८३४०/७५/०७६ मा दर्ता भई नेपाल सकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय, नयाँबानेश्वरमा मिति २०७६/०३/१८ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९५६७